परिशिष्ट १० **[इसाई चरित्र]**

अरूको कुरा काट्नु र जिब्रोको आत्म-संयम

१. अरूको कुरा काट्नु र निन्दा गर्नु

पत्ता लगाउनुहोस् र छलफल गर्नुहोस्- अरूको कुरा गर्नु र निन्दा गर्नुको बारेमा बाइबलले के भन्दछ?
यी खण्डहरू पढ्नुहोस्।

- हितोपदेश १०:१८ (निन्दा गर्ने व्यक्ति मूर्ख हो)
- हितोपदेश ११:१३ (कुरा काट्ने व्यक्ति धोकेबाज हो)
- हितोपदेश १६:२८ (कुरौटेले घनिष्ठ मित्रहरूमा फाटो ल्याउँछ)
- हितोपदेश १७:९ (कुरौटेले घनिष्ठ मित्रहरूमा फाटो ल्याउँछ)
- हितोपदेश २६:२० (कुरौटे स्वभावले झगडा ल्याउँछ)
- याकूब ३:१-१२ (जिब्रो दुष्टको संसार हो र यसले सम्पूर्ण व्यक्तिलाई भ्रष्ट तुल्याउँछ)
- १ यूहन्ना २:९-११ (आफ्नो भाइलाई घृणा गर्ने व्यक्ति अझै अन्धकारमा हुन्छ)

२. हानि-नोक्सानि

पत्ता लगाउनुहोस् र छलफल गर्नुहोस् - अरूको कुरा गर्नु र निन्दा गर्नुले के हानि पुऱ्याउँछ?
यी खण्डहरू पढ्नुहोस्।

- हितोपदेश २५:१८ (कुरौटे व्यक्ति अरूलाई लाठोले हिर्काउने अथवा तरवार अथवा बाणले घोच्नेजस्तै हो)
- हितोपदेश २६:२८ (झूट बोल्ने जिब्रोले पीडामा परेकोलाई घृणा गर्छ)
- मत्ती ५:२१-२२ (रिसालु शब्दहरू हत्याको बराबर हुन्छ)

३. न्याय

पत्ता लगाउनुहोस् र छलफल गर्नुहोस् - अरूको कुरा काट्ने र निन्दा गर्नेहरूलाई परमेश्वरले कसरी दण्ड दिनुहुन्छ?
यी खण्डहरू पढ्नुहोस्।

- हितोपदेश ६:१६-१९ (झूट बोल्ने जिब्रो, झूटो गवाही र मतभेद तथा विवादलाई उत्तेजित बनाउने मानिसलाई परमेश्वरले घृणा गर्नुहुन्छ)
- हितोपदेश १९:५,९ (झूटो गवाही दिनेले दण्ड पाउनेछ र अन्तमा त्यो नास हुनेछ)
- प्रेरित ५:१-११ (हननिया र सफिराले परमेश्वरको सामु झूट बोलेकोले मर्नुपऱ्यो)

४. बुद्धि

पत्ता लगाउनुहोस् र छलफल गर्नुहोस्- कसरी तपाईं बुद्धिमान् बन्नुहुन्छ?
यी खण्डहरू पढ्नुहोस्।

- हितोपदेश ८:७-८ (बुद्धिमान् व्यक्तिले कहिल्यै झूट बोल्दैन)
- हितोपदेश १३:३ (बुद्धिमान् व्यक्तिले आफ्नो ओठहरू सुरक्षित राखेर जीवनको सुरक्षा गर्छ)
- हितोपदेश १४:१५ (बुद्धिमान् व्यक्तिले सुनेको हरेक कुरामा विश्वास गर्दैन)
- हितोपदेश १८:१३ (बुद्धिमान् व्यक्तिले पहिले सुन्छ अनि उत्तर दिन्छ)
- हितोपदेश १८:१७ (बुद्धिमान् व्यक्तिले सधैँ दुपै पक्षको खोजतलास गर्छ)
- हितोपदेश २०:१९ (बुद्धिमान् व्यक्ति धेरै कुरा गर्ने मानिसबाट टाढा रहन्छ)
- हितोपदेश २२:२४ (बुद्धिमान् व्यक्तिले छिट्टै रिसाउने मानिसलाई साथी बनाउँदैन)
- मत्ती ५:३७ (बुद्धिमान् व्यक्ति सधैँ इमान्दार, पारदर्शी र साँचो हुन्छ)

५. जिब्रोलाई आत्म-संयम पार्ने सिद्धान्तहरू

मत्ती ५:२१-२६ र १२:३३-३७ पढ्नुहोस्।
पत्ता लगाउनुहोस् र छलफल गर्नुहोस् - बाइबलीय सिद्धान्तहरू (सधैँ सत्य रहने सत्यताहरू) के-के हुन्?

इसाईको हृदय उसका शब्दहरूद्वारा प्रकट हुन्छ र त्यसलाई जान्न सकिन्छ
रूखलाई त्यसको फलद्वारा चिनिन्छ। मानिसको हृदय उसको मुखबाट निस्कने शब्दहरूबाट चिनिन्छ। अरूको कुरा काट्नु, गुप्तमा निन्दा गर्नु अथवा रिसालु शब्दहरू बोल्नु- यस्ता कुराहरूले मानिसको हृदयभित्र भएका कुराहरूलाई खुलस्तरूपमा प्रकट गरिदिन्छ।

इसाईले अहिले लापरबाहीसँग बोलेका हरेक शब्दको बारेमा अन्तिम न्यायको दिनमा लेखा दिनैपर्छ

इसाई र उसको दाजुभाइहरू तथा दिदीबहिनीहरूको बीचमा येशू ख्रीष्ट खडा हुनुहुन्छ
चेलापनको बोलावटमा येशू ख्रीष्ट चेला र उसको दाजुभाइ तथा दिदीबहिनीहरूको बीचमा खडा हुनुहुन्छ। येशू ख्रीष्ट हाम्रा दाजुभाइ तथा दिदीबहिनीहरूबाट अलग रहनुहुन्न। हरेक व्यर्थ शब्द (कुरा काट्दा, निन्दा गर्दा अथवा रिसाउँदा बोलिएका शब्दहरू), जसले मण्डलीका कुनै भाइ अथवा बहिनीलाई अपहेलना गर्छ अथवा उसलाई मण्डलीको विरुद्धमा असन्तोषी बनाउँछ भने, त्यसले हाम्रो आराधना परमेश्वरको सामु ग्रहणयोग्य बनाउँदैन। इसाई आराधना हाम्रो भाइ अथवा बहिनीसँगको सम्बन्धबाट अलग हुन सक्दैन (१ यूहन्ना २:९-११ सँग तुलना गर्नुहोस्)। हाम्रो दाजुभाइ तथा दिदीबहिनीहरूको भलाइ, कल्याण र हित येशू ख्रीष्टले हाम्रो हातमा सुम्पनुहुन्छ। क्रूसमा टाँगिनुभएको हाम्रो ठूलो दाज्यू, येशू ख्रीष्टकहाँ जाने बाटो हाम्रो सांसारिक दाजुभाइ तथा दिदीबहिनीहरूसँगको पुनर्मिलापद्वारा अघि बढ्छ। परमेश्वरको अनुग्रहले हामीलाई आफ्नो भाइबहिनीहरूसँग पुनर्मिलाप गर्ने अनुमति दिएकोले नै अन्तिम दिनमा हुने न्यायबाट हामी बच्न सक्नेछौँ।